वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १०२ | २०८३ साउन २४ गते आइतबार, नेपाल सम्वत् ११४६ August 09, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## मकै पाक्यो

तनहुँको व्यास नगरपालिका-१ भादगाउँका किसान बारीमा मकै खेती पाकेपछि थन्काउनका लागि भाच्दै । मकै खेती थन्काएसंगै किसानहरूले मास खेती गर्ने गर्छन ।

*तस्विर : भञ्ज्याङ*

# पर्यटकीय गन्तव्य बन्दै भिमादको 'हुक्का डाँडा लिलिङकोट'

भञ्ज्याङ समाचारदाता/भिमाद

तनहुँको भिमाद नगरपालिका-१ हुक्कास्थित 'हुक्का डाँडा लिलिङकोट' पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। प्राकृतिक सौन्दर्य, शान्त वातावरण र विभिन्न भू-दृश्यको मनोरम अवलोकन गर्न सकिने भएकाले लिलिङकोट स्थानीयसँगै छिमेकी जिल्लाबाट आउने पर्यटकको रोजाइमा पर्न थालेको हो ।

लिलिङकोटबाट छिमेकी जिल्ला स्याङ्जाको हरिनास गाउँपालिकाका सुन्दर डाँडा, पाखा, खेतबारी, वनजंगल तथा खोलानालाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । हरिनासको हरियो वन क्षेत्रसँगै पाल्पाका विभिन्न पहाडी भू-भागसमेत यहाँबाट अवलोकन गर्न सकिन्छ । त्यस्तै, छिमेकी घिरिङ गाउँपालिकाअन्तर्गतका घिरिङ र गजरकोटका बस्ती तथा छिमेकी वडामा रहेको बाक्लो मगर बस्ती रघु गाउँले लिलिङकोटबाट देखिने दृश्यलाई थप आकर्षक बनाएको छ ।

प्राकृतिक दृश्यावलोकनका लागि उपयुक्त भएकाले पछिल्लो समय दैनिकजसो आन्तरिक पर्यटक लिलिङकोट पुग्ने गरेका छन् । छिमेकी जिल्ला तथा विभिन्न सहरबजारबाट आउने पर्यटकहरु यहाँको स्वच्छ हावापानी र शान्त वातावरणमा रमाउँदै तस्बिर खिच्ने तथा केही समय प्रकृतिसँग बिताएर फर्कने गरेका छन् । सामाजिक




सञ्जालमा लिलिङकोटका दृश्य तथा भ्रमणका तस्बिरहरु सार्वजनिक हुन थालेपछि यसको चर्चा अझ बढ्दै गएको छ ।

पर्यटकको आवागमन बढेसँगै लिलिङकोटको संरक्षण तथा व्यवस्थापनमा स्थानीयको चासोसमेत बढेको छ । विशेषगरी पर्यटकीय गतिविधिसँगै फोहोर बढ्न सक्ने भएकाले स्थानीयवासीले फोहोर व्यवस्थापन, स्वच्छता कायम तथा पर्यटकीय क्षेत्रको दीर्घकालीन संरक्षणका विषयमा छलफल र सरसल्लाह गर्न थालेका छन् ।

स्थानीयस्तरमा चर्चामा आउन थालेको लिलिङकोटलाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न भिमाद नगरपालिकाको योजनाबद्ध पहल आवश्यक देखिएको छ । पर्यटकको आकर्षण बढ्दै गएको अवस्थामा आवश्यक पूर्वाधार निर्माण, वातावरण संरक्षण र ऐतिहासिक तथा सांस्कृतिक पक्षको प्रवर्द्धनलाई सँगसँगै अघि बढाउनुपर्ने स्थानीयको माग छ ।

तत्कालका लागि लिलिङकोटमा फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थान निर्धारण गरी नियमित व्यवस्थापन गर्ने, खानेपानीको व्यवस्था गर्ने, पर्यटक तथा स्थानीयका लागि पिकनिक हल निर्माण गर्ने र पैदल यात्रालाई सहज तथा सुरक्षित बनाउन व्यवस्थित पदमार्ग निर्माण गर्नुपर्ने देखिन्छ । यस्ता आधारभूत पूर्वाधारले पर्यटकको बसाइलाई सहज बनाउनुका साथै लिलिङकोटको पर्यटकीय सम्भावनालाई थप विस्तार गर्न सहयोग पुग्नेछ ।

लिलिङकोटको अर्को महत्वपूर्ण पक्ष यसको ऐतिहासिक तथा राजनीतिक पहिचानसँग जोडिएको छ । स्थानीयका अनुसार यो क्षेत्र जनवादी आन्दोलनका क्रममा सहादत प्राप्त गरेका हिमाल (मनबहादुर दवाडी)को गाउँ तथा विकास (रामभक्त सिग्देल)को छिमेकी क्षेत्रसँग जोडिएको भूगोल भएको बताइन्छ। राजनीतिक, सामाजिक तथा

बाँकी तेश्रो पेजमा

# भानुको जलवीरे-ढाडखोला मोटरेबल पुल निर्माणका लागि प्राविधिक निरीक्षण

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिका-१ र ५ जोड्ने जलवीरे-ढाडखोला मोटरेबल पुल निर्माणका लागि प्राविधिक टोलीले स्थलगत निरीक्षण तथा नापजाँच गरेको छ। पुल निर्माणको खरिद प्रक्रिया अघि बढाउने तयारीस्वरूप पूर्वाधार विकास कार्यालयका प्राविधिक सहितको टोलीले स्थलगत निरीक्षण गरेको हो ।

भानु नगरपालिकाका नगरप्रमुख आनन्दराज त्रिपाठी सहितको प्राविधिक टोलीले पुल निर्माणस्थलको अवस्था, आवश्यक संरचना तथा निर्माणसम्बन्धी प्राविधिक पक्षको अध्ययन तथा नापजाँच गरेको नगरपालिकाले जनाएको छ ।

जलवीरे-ढाडखोला मोटरेबल पुल निर्माणका लागि चालु आर्थिक वर्षमा संघीय पूर्वाधार विकास मन्त्रालयमार्फत रू. १ करोड ५० लाख बजेट विनियोजन भएको छ। उक्त बजेटबाट पुल निर्माणको सम्पूर्ण काम सम्पन्न गर्न पर्याप्त नहुने भएकाले नगरपालिकाले थप बजेट सुनिश्चित गर्न पहल गरिरहेको नगरप्रमुख त्रिपाठीले जानकारी गराए ।



उनले भने, 'अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग भेट गरी पुल निर्माणका लागि आवश्यक थप बजेट व्यवस्थापन गर्न आग्रह गरिएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवसँग समेत भेट गरी जलवीरे-ढाडखोला पुलसहित नगरका सामरिक महत्व बोकेका तथा अत्यावश्यक योजनालाई बहुवर्षीय योजनामा समावेश गर्न अनुरोध गरिएको छ।'

भानु नगरपालिका-१ र ५ लाई जोड्ने उक्त पुल निर्माण भएपछि स्थानीयवासीको आवागमन सहज

बाँकी तेश्रो पेजमा

# सहरीकरणको प्रभाव : बाँच्नका लागि तीव्र गतिमा रूपान्तरित भइरहेका छन् जनावरहरू

मानिस संसारको सबैभन्दा शक्तिशाली विकासशील शक्तिमध्ये एक बनेको छ, जसले पर्यावरणमा ठूलो फेरबदल निम्त्याएको छ । मानिसले निम्त्याएका परिवर्तनसँगै हाम्रा सहरहरूमा बाँच्नका लागि सहरी फ्याउरादेखि सिसामा चढ्न सक्ने छेपारोसम्मका जनावरहरूले असाधारण अनुकूलन गरिरहेका छन् । अर्थात्, आफैँमा रूपान्तरण ल्याइरहेका छन् ।

पुएर्तो रिकोमा सहरमा बस्ने एनोल छेपारोहरु जङ्गलमा बस्ने आफ्ना समकक्षभन्दा निकै फरक देखिन्छन्। भवनका भित्तामा चढ्न र तातो सतहमा तीव्र गतिमा दौडिनका लागि यी सहरी सरीसृपमा लामो खुट्टा र औँलाको तलपट्टि रहेका अतिरिक्त 'टो ल्यामेला' (अर्थात् मसिना पत्र) विकसित भएको देखिन्छ। यी विशेषताले उनीहरूलाई सिसा र धातुजस्ता चिल्ला मानवनिर्मित सतहमा अझ राम्रोसँग टाँसिन मद्दत गर्ने विश्वास गरिन्छ। अझ रोचक कुरा, यस्तो परिवर्तन केही वर्षकै अवधिमा भएको पाइएको छ।

सहरहरु पृथ्वीको सबैभन्दा नयाँ पारिस्थितिक प्रणाली बनेका छन् र त्यहाँ बस्ने धेरै जनावरलाई बाँच्नका लागि आफूलाई अनुकूल बनाउन बाध्य हुनुपरेको छ ।

चरम अवस्थामा यस्ता परिवर्तन (चाहे त्यो व्यवहारमा होस् वा आनुवंशिक रूपमा) अत्यन्त छोटो समयमा, कहिलेकाहीँ केही पुस्तामै हुन सक्छन्। यस्ता तीव्र परिवर्तन जलवायु परिवर्तनसँग जुध्न वा मानिसको प्रत्यक्ष गतिविधिसँग अनुकूल हुनका लागि भइरहेका छन्। एन्टिबायोटिकको प्रयोगदेखि बाह्य प्रजातिको स्थानान्तरणसम्म मानवका निर्णय र व्यवहार संसारका प्रमुख परिवर्तनकारी (विकासवादी) शक्तिमध्ये एक बनेका छन्।



यसले वन्यजन्तुका प्रजातिलाई परिवर्तनको गति नाटकीय रूपमा बढाउन बाध्य बनाइरहेको छ। यसलाई 'समकालीन विकासक्रम' (कन्टेम्पोरी इभोल्युसन) भनिन्छ ।

क्यालिफोर्निया विश्वविद्यालय, डेभिसमा जनावरको व्यवहारको विकासक्रम अध्ययन गर्ने एन्ड्र्यु सिह भन्छन्, 'सहरमा रहेका केही जनावरले राम्रोसँग प्रतिक्रिया जनाइरहेका छन् ।'

त्यस्तो प्रतिक्रियामा परिवर्तनका थुप्रै प्रवृत्तिहरु देखिन सक्छन्। जस्तै, नयाँ प्रकारका सिकारी पहिचान गर्ने, खाना वा आश्रय खोज्ने नयाँ उपाय अपनाउने, आवाज र चर्को उज्यालोसँग अभ्यस्त हुने तथा विषाक्त पदार्थबाट जोगिने आदि व्यवहार जनावरहरूले देखाउन सक्छन्।

**सहरी जीवन**

एक अध्ययनले सहरी वातावरणमा अनुकूल हुन सक्ने जनावरले कहिलेकाहीँ बढी खाद्य उपलब्धता र कम सिकारीको सामना गर्नुपर्ने जस्ता फाइदा पाउने पनि देखिएको छ। यसकै कारण उनीहरूलाई



बढी सन्तान उत्पादन गर्न मद्दत पनि पुगेको छ। यस अर्थमा पहिलो दृष्टिमा वन्यजन्तुका लागि प्रतिकूल देखिने सहरले वास्तवमा केही प्रजातिलाई फस्टाउनसमेत मद्दत गर्न सक्छ।

सहरी क्षेत्रमा बेलायती रातो फ्याउरामा खाद्य पदार्थको उपलब्धताकै कारण ग्रामीण क्षेत्रका फ्याउराभन्दा बढी प्रजनन दर देखिएको अनुसन्धानले देखाएको छ।

अमेरिकामा सहरमा बस्ने न्याकुन, जसलाई प्रेमपूर्वक 'ट्र्यास पान्डा' पनि भनिन्छ, शारीरिक रूपमा परिवर्तन भइरहेका छन्। हालैको एक अध्ययनले सहरी न्याकुनमा घरपालुवा जनावर बन्ने प्रक्रियाका प्रारम्भिक संकेत देखिएको पत्ता लगाएको छ। उनीहरूको थुतुनो केही छोटो हुँदै गएको छ भने मानिसप्रति कम आक्रामक हुँदै गएको पनि पाइएको छ ।

यसैबीच डेनमार्कमा सहरी खरायोले पनि बिस्तारै सहरी जीवनमा प्रवेश गर्न थालेको देखिएको छ । मानिसको उपस्थितिप्रतिको सहनशीलता बढाएर यस जनावरले मानव गतिविधिसँग आफूलाई अनुकूल बनाएको छ। यस्तो परिवर्तन जीन अभिव्यक्त गर्ने तरिकामा आएको परिवर्तनका कारण वा डार्विनवादी छनोट प्रक्रियाले देखाएको जस्तो बढी सहनशीलहरूको अनुकूलन प्रबल हुने सम्भावनाको कारण पनि हुन सक्छ ।

सन् २०२५ मा प्रकाशित अनुसन्धानले सहरी क्षेत्रमा बस्ने, उच्च तापक्रम र बढी प्रदूषणको सामना गर्ने जनावरमा संरक्षित बासस्थानमा रहेका समकक्षीको तुलनामा तनावपूर्ण अवस्थासँग जुध्ने क्षमता 'उल्लेखनीय रूपमा बढी' देखिएको पत्ता लगाएको थियो ।

**बदलिएको चराको गीत र स्वरूप**

कुनै सहरमा त्यस सहरका चराको गीतको स्वरूप त्यहाँको सडकले पनि निर्धारण गरेको हुन सक्छ। धेरै चराले ट्राफिकको आवाजभन्दा माथि सुनिन आफ्नो गीत परिवर्तन गरेका छन्। धेरै अध्ययनले चराले वरपरको आवाजको स्तरअनुसार आफ्नो गीतको आवृत्ति, आवाजको तीव्रता र समय प्रस्ट रूपमा परिवर्तन गर्ने देखाएका छन् ।

सहरी चराको जीवनलाई नजिकबाट नियाल्ने हो भने अरु परिवर्तन पनि देख्न सकिन्छ । उदाहरणका लागि युरोपको जुनकोको चरालाई लिन सकिन्छ । आवाज, मानिसको उपस्थिति, खाद्य अभाव र गुँड बनाउने स्थानका लागि प्रतिस्पर्धाका कारण सहर जुनकोका लागि कठिन वातावरण हो ।

सन् १९८० को दशकको सुरुवातमा केही जुनको क्यालिफोर्नियास्थित युनिभर्सिटी कलेज स्यान डिएगोको परिसरमा वर्षभरि बस्न थाले। यसले अनुसन्धानकर्तालाई यी चरामा भएका तीव्र परिवर्तन अभिलेख गर्ने अवसर दियो ।

अनुसन्धानकर्ताले जुनको कम आक्रामक बनेको र उनीहरूको पुच्छरमा सेता प्वाँखसमेत कम भएको पाए। सेता प्वाँख आक्रामक व्यवहार प्रदर्शन गर्न प्रयोग हुने विशेषता हो। यी चराले पहिलेभन्दा चाँडो प्रजनन गर्न थाले, दुई गुणा बढी बच्चा हुर्काउन थाले र आफ्नो बसाइँसराइको ढाँचासमेत परिवर्तन गरे।

वैज्ञानिकहरूले लस एन्जलसस्थित अर्को सहरी क्षेत्रमा बसेको जुनको समूहको पनि अध्ययन गरे। उनीहरूले यी चराले सामान्यतया जमिनमा बनाउने गुँडको सट्टा रुख र भवनमा गुँड बनाउन थालेको पाए।

जुनकोको व्यवहार मात्र परिवर्तन भएको छैन, अनुसन्धानकर्ताले सहरी जुनकोका पखेटा साना भएको पनि पत्ता लगाएका छन्। यस्तो अनुकूलन खुला भूभागमा लामो दूरी उड्नुभन्दा बाक्लो भवनले भरिएका सहरमा उड्नुपर्ने आवश्यकताबाट उत्पन्न भएको विश्वास गरिन्छ।

उत्तर अमेरिकाले पछिल्लो ५० वर्षमा यी चरामध्ये १६ करोड ८० लाख गुमाइसकेको छ। जुनकोको तीव्र रूपमा



अनुकूलन हुन सक्ने क्षमताले उनीहरूको भविष्य सुरक्षित गर्न मुख्य भूमिका खेल्न सक्छ।

**सहरको सीमाभन्दा बाहिर**

जनावरहरु सहरी वातावरणमा मात्र अनुकूल भइरहेका छैनन्। मानिससँगै बाँच्नका लागि उनीहरूको शारीरिक संरचनासमेत परिवर्तन भइरहेको छ ।

उदाहरणका लागि, केही स्थानमा दाह्रा नभएका हात्ती जन्मिने सत्या बढेको छ। यसको कारण सिकारीहरूले दाह्रा भएका हात्तीलाई मार्ने सम्भावना बढी हुनु हो। दाह्रा नभएका हात्ती बाँच्ने र आफ्ना जीन अर्को पुस्तामा सार्ने सम्भावना बढी हुन्छ। यो 'टस्कलेस'को विशेषताअन्तर्गत नै पर्छ । अर्को शब्दमा, सिकारीहरु ठूलो खतरा बनेका स्थानमा दाह्रा नहुनु नै विकासवादी फाइदा बनेको छ ।

मानिसले ठूला माछा बढी समातेर तिनीहरूलाई प्रजनन गर्ने जीन समूहबाट हटाइदिँदा केही माछा पनि आकारमा साना हुँदै गइरहेका छन् । त्यसपछि साना माछालाई बाँच्न र प्रजनन गर्न बढी अवसर मिल्छ। गैरमानवीय सिकारीको सामना गर्दा त्यही सानो आकार विकासवादी दृष्टिकोणबाट कमजोरी हुन सक्छ। तर त्यही सानो आकार मानिसको सामना गर्ने सवालमा भने बाँच्ने अवसर पनि बन्न सक्छ ।

अन्य परिवर्तनमा सुरक्षात्मक विशेषता पनि समावेश छन् । एटलान्टिक किलिफिसले विषाक्त पदार्थ र औद्योगिक रसायनबाट सुरक्षा प्रदान गर्ने बाक्लो छाला विकास गरिरहेका छन् । तीव्र गतिमा परिवर्तन भइरहेको पृथ्वीसँग तालमेल मिलाउन जनावरहरूको संसार पनि तीव्र गतिमा परिवर्तन भइरहेको छ ।

तर, पर्याप्त तीव्र गतिमा अनुकूल हुन नसक्ने जनावरलाई के हुन्छ ? एन्ड्र्यु सिह भन्छन्, 'अन्य जनावरहरु (प्रायः त्यही प्रजातिका) केही अर्थमा नयाँ परिस्थिति बुझ्न सक्दैनन् र यी नयाँ चुनौतीप्रति व्यावहारिक रूपमा राम्रो प्रतिक्रिया दिन सक्दैनन् । वास्तवमा, धेरै जनावरसँग वास्तवमै विकास हुन पर्याप्त समय छैन। परिस्थिति अत्यधिक छिटो र अत्यधिक धेरै परिवर्तन भएको छ।'

तर मानिस, भवन, जलवायु परिवर्तन र प्रदूषणबीच बाँच्न आफूलाई अनुकूल बनाइसकेका जनावरको यात्रासमेत अझै लामो हुन सक्छ, सिह बताउँछन्, 'आगामी दशकहरूमा उनीहरूसँग अझ राम्रोसँग अनुकूल हुन विकास गर्ने पर्याप्त समय हुन सक्छ ।' (बीबीसीबाट)

## तपाईंको आज

**मेष**
नयाँ कामको सुरुवातका लागि समय अनुकूल रहनेछ। व्यापार तथा पेशामा प्रगति हुनेछ ।

**वृष**
आर्थिक पक्ष सबल बन्नेछ। रोकिएका काम पूरा हुनेछन्। आफन्तसँग भेटघाटको अवसर मिल्नेछ ।

**मिथुन**
बोलीमा संयम अपनाउनु राम्रो हुनेछ । अध्ययन तथा बौद्धिक कार्यमा सफलता मिल्ने योग छ ।

**कर्कट**
सामाजिक प्रतिष्ठा बढ्ने संकेत छ । वैदेशिक क्षेत्रबाट लाभ मिल्न सक्छ । परिवारमा खुसीको वातावरण रहनेछ

**सिंह**
अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुनेछ । स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ ।

**कन्या**
नयाँ अवसर प्राप्त हुन सक्छ। साथीभाइसँग रमाइलो भेटघाट हुनेछ । प्रेम सम्बन्ध सुदृढ बन्नेछ ।

**तुला**
रोकिएका योजना अघि बढ्नेछन् । कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुनेछ । घरपरिवारमा सुख-शान्ति कायम रहनेछ।

**वृश्चिक**
भाग्यले साथ दिने दिन छ। धार्मिक तथा सामाजिक कार्यमा मन जानेछ । अध्ययन तथा शिक्षामा सफलता मिल्नेछ ।

**धनु**
काममा केही अवरोध आउन सक्छन् । धैर्यतापूर्वक अघि बढे सफलता मिल्नेछ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्

**मकर**
दाम्पत्य तथा पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । व्यवसायमा नयाँ योजना सफल बन्नेछन् ।

**कुम्भ**
काममा उत्साह बढ्नेछ । स्वास्थ्यमा सुधार आउनेछ। वैदेशिक क्षेत्रबाट राम्रो अवसर प्राप्त हुन सक्छ ।

**मीन**
सृजनात्मक तथा कलात्मक क्षेत्रमा सफलता मिल्ने दिन छ । प्रेम सम्बन्धमा मधुरता आउनेछ ।

# गाईभैंसी खरिदमा अनुदान दिएपछि रूपाका किसान व्यावसायिक पशुपालनमा

भञ्ज्याङ समाचारदाता/कास्की

कास्कीको रूपा गाउँपालिकाले गाईभैंसी किन्न किसानलाई अनुदान दिएपछि पालिकामा व्यावसायिक पशुपालन गर्नेको सङ्ख्या बढेको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा गाउँपालिकाले गरिबी निवारणका लागि दूध उत्पादन परियोजना सुरू गरेर सोमार्फत किसानलाई गत आर्थिक वर्षमा गाई खरिद गर्न नगद अनुदान दिएको हो । यसबाट पालिकामा दूध उत्पादन वद्धि भएको छ भने किसानको आम्दानीसमेत बढेको छ । पालिकामा पशुपालनको लहर चल्दा स्थानीय सरकारको साथले किसान उत्साहित बनेका छन् । रूपा–७ ठूलीबैँसीका किसान शङ्करलाल श्रेष्ठको गोठमा अहिले तीन वटा जर्सी गाई छन् । गाउँपालिकाले प्रतिगाई रू ४० हजार अनुदान उपलब्ध गराएपछि उहाँले गाई किनेर व्यावसायिक पशुपालन सुरू गर्नुभएको हो । श्रेष्ठले दैनिक २० लिटर दूध बजारमा बिक्री गर्नुहुन्छ ।

श्रेष्ठका अनुसार विगतमा उहाँका बुबाले पनि पशुपालन गर्नुहुन्थ्यो । त्यसबेला दूध बिक्री गर्न चार घण्टासम्म पैदल हिंडेर बेगनासताल पुग्नुपर्ने बाध्यता थियो। बजार अभावले उहाँले बुबाको पेसा छाड्नुभयो। अहिले भने दूध सङ्कलनका लागि गाडी गाउँसम्म आउने भएकाले बजार र सङ्कलनको समस्या हटेको श्रेष्ठले बताउनुभयो ।

"गाउँपालिकाले अनुदानपछि मसँगै यहाँका २० जना किसानले जर्सी गाई किनेर व्यावसायिक पशुपालन सुरू गरेका छौँ । दूध बिक्री गर्न पनि सहज छ । पालिकाको सहयोग पाएपछि व्यावसायिक पशुपालनमा लाग्न उत्साह बढेको छ", श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार दूध सङ्कलन र बिक्री गर्न किसानले देउराली कृषक समूह गठन गरेका छन् । पहिले ११ सदस्य रहेको समूह अहिले २० सदस्यीय बनेको छ। किसानका गोठमा गाईको संख्या बढ्दै गएको उल्लेख गर्दै श्रेष्ठले समूहलाई सहकारीमा रूपान्तरण गरी डेरी व्यवसायलाई थप व्यवस्थित र विस्तार गर्ने योजना रहेको जानकारी दिनुभयो ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत गाउँपालिकाले सञ्चालन गरेको गरिबी निवारणका लागि दूध उत्पादन परियोजनाले रूपाको ठूलीबैँसीमा मात्र होइन अन्य वडामासमेत व्यावसायिक पशुपालनले गति लिएको छ ।

गाउँपालिकाका पशु चिकित्सक सुशील अर्यालका अनुसार यस कार्यक्रममार्फत हालसम्म गाउँपालिकामा २०० वटा गाई भित्रिएका छन् । पालिकाका विभिन्न ११ गाउँका किसानले गाईभैँसी खरिद र दुग्धजन्य उपकरण सहायताका लागि रू दुई करोड ३५ लाख अनुदान प्राप्त गरेका उहाँले जानकारी दिनुभयो । परियोजना सुरू भएपछि दैनिक दुई हजार ६६२ लिटर दूध उत्पादन थपिएको छ । अर्यालका अनुसार पालिकाले कृषकलाई गाई किन्नका लागि रू ४० हजार र भैँसीका लागि रू ५० हजारका दरले अनुदान उपलब्ध गराएको हो ।

"किसानलाई गाईभैंसी खरिदमा अनुदान उपलब्ध गराएपछि यसको सकारात्मक प्रभाव देखिएको छ, उत्पादन बढेको छ । नगद अनुदानसँगै उपकरण सहयोगले दूध सङ्कलनमा सहयोग पुग्नुका साथै किसानको आम्दानीमा वृद्धि भएको छ । युवाका लागि स्थानीयस्तरमा रोजगारीका अवसर पनि सिर्जना भएका छन् । प्रत्यक्ष रूपमा ३०० किसान यस कार्यक्रममा आबद्ध छन्", अर्यालले भन्नुभयो । उहाँका अनुसार हाल रूपा गाउँपालिकाबाट दैनिक करिब पाँच हजार लिटर दूध पोखराका बजारमा बिक्रीका लागि पठाउने गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष नवराज ओझाले किसानको श्रमलाई सम्मान गर्दै उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने लक्ष्यसहित कृषि क्षेत्रमा लगानी बढाइएको बताउनुभयो । उहाँले विगतका वर्षमा पूर्वाधारमा पालिकाले लगानी गरेकामा यस वर्षदेखि उत्पादन र आयआर्जन वृद्धिका कार्यक्रमलाई बढी प्राथमिकता दिइएको बताउनुभयो।

"किसानको मेहनतले मात्रै गाउँ समृद्ध हुन्छ भन्ने हाम्रो विश्वास हो । त्यसैले प्रत्येक घरपरिवारलाई आयआर्जनसँग जोड्ने उद्देश्यले कृषि र पशुपालनमा केन्द्रित कार्यक्रम सञ्चालन गरेका छौँ । विगतमा पूर्वाधारमा केन्द्रित बजेटलाई यस वर्ष उत्पादन, कृषि र रोजगारी सिर्जनामा प्राथमिकता दिएका छौँ", अध्यक्ष ओझाले भन्नुभयो । उहाँले गरिबी निवारणका लागि सञ्चालन गरिएको दूध उत्पादन परियोजना गाउँपालिकाका ११ स्थानमा विस्तार गरिएको जानकारी दिँदै यसको प्रत्यक्ष प्रभाव किसानको आय र जीवनस्तरमा देखिन थालेको उल्लेख गर्नुभयो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनन्तराज न्यौपानेले अब उत्पादन बढाउने मात्र नभई त्यसको दिगो बजारीकरणमा गाउँपालिका केन्द्रित हुने बताउनुभयो । "डेरीका आवश्यक पूर्वाधार गाउँसम्म पुगेका छन् । अब किसानले उत्पादन बढाउने र गाउँपालिकाले बजारीकरण तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गर्नेछ । उत्पादन खेर जान नदिने हाम्रो प्रतिबद्धता छ", उहाँले भन्नुभयो।

रूपा गाउँपालिकाले दूध उत्पादन परियोजनाअन्तर्गत गाईभैँसी खरिदमा नगद अनुदानका साथै दुग्ध सहकारी र कृषक समूहलाई आवश्यक डेरी उपकरणसमेत उपलब्ध गराउँदै आएको छ । कार्यक्रममार्फत दूध बोक्ने भाँडा, दूध चिस्याउने ट्याङ्की, दूधको गुणस्तर वा चिल्लोपन मापन गर्ने यन्त्र, भोल्टेज नियन्त्रक(विद्युत् प्रवाह स्थिर राख्ने उपकरण), दूध जमाउने फ्रिज, पनिर बनाउने उपकरण, दूधबाट तर छुट्याउने उपकरण (मलाई काढ्ने यन्त्र), जेनेरेटर लगायत सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ । रासस

# ढोरपाटनमा ३७ हजार पर्यटक, ४७ लाख आम्दानी

रासस/बागलुङ

ढोरपाटन पुग्ने पर्यटकको संख्या पछिल्लो समय वृद्धि हुँदै गएको छ । एक वर्षमा ३७ हजार पर्यटक ढोरपाटन पुगेका छन् । तीमध्ये अधिकांश आन्तरिक पर्यटक रहेका ढोरपाटन सिकार आरक्ष कार्यालय, बागलुङले जनाएको छ।

नेपालको एक मात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको संख्या एक वर्षमा १३ हजारले बढेको कार्यालयका रेञ्जर सागर सुवेदीले जानकारी दिनुभयो । ढोरपाटनमा पर्यटकीय पूर्वाधार निर्माण, प्रचारप्रसार तथा व्यवस्थित होटल तथा घरबास (होमस्टे)को विकासले पर्यटकको सङ्ख्या बर्सेनि वृद्धि भइरहेको उहाँले बताउनुभयो।

रेञ्जर सुवेदीका अनुसार पर्यटकको संख्यामा वृद्धि भएसँगै पर्यटकबाट प्राप्त हुने राजस्व पनि बर्सेनि बढिरहेको छ। आर्थिक वर्ष २०८२/८३ मा ढोरपाटनमा आउने पर्यटकको सङ्ख्या ३७ हजार ५२० पुगेको जनाउँदै तीमध्ये ३७ हजार २७० नेपाली पर्यटक रहेका उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार आव २०८१/८२ मा २३ हजार ६९२ र आव २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेका छन् ।

ढोरपाटन क्षेत्रको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकीपाटनको चर्चा र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण संख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ । उहाँका अनुसार पर्यटकको संख्यामा वृद्धि भएपछि आव २०८२/८३ मा पर्यटक प्रवेश शुल्कबाट रू ४७ लाख ६८ हजार ४०५ र आव २०८१/८२ मा रू ३१ लाख २१ हजार ५०० राजस्व सङ्कलन भएको थियो ।

पर्यटक सूचना प्रणलीको विकास, पर्यटन पदमार्गको रूट कायमलगायत पूर्वाधार विस्तारका कारण ढोरपाटनको प्रचारप्रसार भएपछि आन्तरिक पर्यटकको आगमन बढेको आरक्ष कार्यालयका रेञ्जर सुवेदीले बताउनुभयो। उहाँका अनुसार आरक्षले आन्तरिक तथा नेपाली पर्यटकलाई ढोरपाटन प्रवेशका लागि रू १००, सार्क राष्ट्रका पर्यटकलाई एक हजार ५०० र विदेशी पर्यटकलाई रू तीन हजार प्रवेश शुल्क लिँदै आएको छ ।

यस्तै आरक्षले ढुङ्गा गिट्टी बालुवाबाट आर्थिक वर्ष २०८२/८३ मा रू एक करोड एक लाख २७ हजार ९५३ सङ्कलन गरेको छ। गत आर्थिक वर्षको तुलनामा संकलन भएको राजस्व रू ४६ लाख ४१ हजारले बढी हो ।

"ढोरपाटनको आकर्षण अहिले बाहिर आउन थालेको छ । यहाँ आउने पर्यटकको संख्या वृद्धि हुनुको प्रमुख कारण प्रचारप्रसार रहेको छ । पर्यटकीय पूर्वाधार थपिनु, बुकीपाटन, बुकीफुल र जलजलाको चर्चासँगै पदयात्रीको रोजाइ पर्नु र होटल तथा घरबासको व्यवस्थापनका कारण पर्यटकमा वृद्धि भएका हुन्", सुवेदीले भन्नुभयो ।

ढोरपाटनमा सिकार खेल्न मात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक यहाँ आउने गरेका छन् । समुद्री सतहबाट दुई हजार ९०० मिटरको ढोरपाटन उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्न थालेका छन् । पर्यटकलाई शुल्क तिरेर पालसहित बस्ने व्यवस्था पनि मिलाइएको आरक्ष कार्यालयका रेञ्जर सुवेदीले जानकारी दिनुभयो ।

www.bhanjyangnews.com

# भानुको .......

हुनुका साथै कृषि उपजको ओसारपसार, व्यापारिक गतिविधि तथा समग्र क्षेत्रको आर्थिक गतिविधिमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नगरपालिकाले पुल निर्माणलाई प्राथमिकतामा राख्दै आवश्यक बजेट व्यवस्थापन र निर्माण प्रक्रिया अघि बढाउन संघीय सरकारसँग समन्वय गरिरहेको जनाएको छ । चालु आर्थिक वर्षमा विनियोजित बजेटबाट प्रारम्भिक निर्माण प्रक्रिया अघि बढाउने र बाँकी कामका लागि बहुवर्षीय योजनामार्फत आवश्यक बजेट सुनिश्चित गर्ने नगरपालिकाको तयारी छ ।


## व्यक्ति एउटै भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक फिरफिरे गा.वि.स. वडा नं. ८, हाल शुक्लागण्डकी नगरपालिका वडा नं. १२ निवासी भारतीय भु.पु. सैनिक नं. 5752324F, दर्जा नायक, युनिट 4/8GR का काजीमान गुरूङको श्रीमती **विष्णु माया ठडराई गुरूङ** (Bishnu Maya Thadarai Gurung) र जन्म मिति वि.सं. २०३४/०८/१८ (ई.सं. १९७७/१२/०३) उल्लेख भएको र निजको श्रीमानको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर **विष्णु माया गुरूङ** (Bishnu Maya Gurung) र जन्म मिति ई.सं. १९७७/१०/३० उल्लेख भई नामथर र जन्म मिति फरक फरक भएतापनि व्यक्ति एउटै भएको भनी शुक्लागण्डकी नगरपालिका १२ नं. वडा कार्यालयको च.नं. ४९, मिति २०८३/०४/१५ गतेको पत्रबाट लेखि आएकोले सोही व्यहोरा भारतीय सेवा विवरणको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ ।**



## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

आज मिति २०८३/०४/२३ गते व्यास नगर कार्यपालिकाको २४४औँ नियमित बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु र प्रतिनिधीहरु, कार्यपालिका सदस्यहरु तथा सम्बन्धित शाखा प्रमुखहरूको उपस्थितिमा विभिन्न विषयमा छलफल गरि भएका निर्णयहरु सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

१. मिति २०८३/०४/१२ गते भएको २४३ औं कार्यपालिकाका बैठकका निर्णयहरुको समीक्षा गरियो ।
२. व्यास नगरपालिका वडा नं. १० स्थित वैरेनी जग्गा एकीकरण आयोजनामा रहेका केही जग्गाहरू नापीको समयमा नै रैतानी गुठीको रूपमा नापी भई अभिलेख कायम भएको देखिएकाले, पछि प्रचलित कानूनबमोजिम हुने गरी हाललाई जग्गा विकास आयोजनाको प्रक्रियाअनुसार सम्बन्धित जग्गाधनीहरूलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने कार्यमा सहजीकरण गरिदिनुहुन भनि भूमि प्रशासन कार्यालय, तनहुँलाई लेखी पठाउने निर्णय गरियो ।
३. व्यास नगरपालिका वडा नं. ५ स्थित मानुङकोट पर्यटकीय ग्राममा निर्माण हुने संरचनाहरूको दिगोपना तथा उत्थानशीलता मापन गर्न प्राविधिक सहयोगका लागि संयुक्त राज्य अमेरिका, क्यालिफोर्नियास्थित Institute for Sustainable Infrastructure (ISI) लाई सहयोगका लागि अनुरोध गरिएकोमा उक्त संस्थाबाट प्रस्ताव स्वीकृत भएको जानकारी बैठकमा प्राप्त भएकाले सहयोगका लागि उक्त संस्थालाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।
४. व्यास नगरपालिका वडा नं. १०, दुम्सीचौरमा निर्माणाधीन नारेश्वर तालमा तालको जग्गा मिलान गर्नका लागि केही निजी जग्गाहरू खरिद गर्नुपर्ने देखिएकाले, जग्गा प्राप्ति ऐनबमोजिम सम्बन्धित मन्त्रालयबाट अनुमतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।
५. आ.व. २०७५/०७६ मा तयार गरिएको व्यास नगरपालिका वडा नं. ३ स्थित खेलमैदानको विस्तृत निर्माण प्रतिवेदन (DPR) लाई हाल प्रचलित दररेटअनुसार अद्यावधिक गर्ने निर्णय गरियो ।
६. विश्व बैंकको सहयोगमा निर्माणाधीन पराशर मार्गको निर्माण कार्यका लागि सम्बन्धित निर्माण व्यवसायीले प्रत्येक हप्ता स्वयं उपस्थित भई कार्यप्रगति विवरण पेश गर्ने तथा २०८३ साल असोज मसान्तभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यतालिकासहितको विवरण पेश गर्नुपर्ने शर्तमा २०८३ साल असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।
७. पोखरा, घारीपाटनस्थित हिमालय आँखा अस्पतालबाट दमौलीमा आँखा उपचार केन्द्र सञ्चालनका लागि यस नगरपालिकासँग सहकार्य गर्न अनुरोध भई आएकाले उक्त अस्पतालसँग सहकार्य गर्ने निर्णय गरियो ।
८. व्यास नगर युवा परिषद्, आ.व. २०८३/०८४ गठनका लागि १५ दिने सूचना प्रकाशन गरी प्राप्त नामहरू कार्यविधीअनुसार सिफारिस गर्ने कार्यका लागि नगर खेलकुद समितिलाई संयोजनको जिम्मेवारी दिने निर्णय गरियो ।
९. नगरपालिकाको अनुरोधमा सार्वजनिक पेटीमा रहेका संरचनाहरू हटाउन सहयोग गर्नुहुने सम्पूर्ण घरधनीहरूलाई धन्यवाद ज्ञापन गर्दै बाँकी रहेका संरचनाहरू हटाउने कार्यका लागि कार्यालयलाई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।
१०. हालै सम्पन्न जनप्रतिनिधीहरुको क्षमता विकास तालिममा प्रशिक्षण दिनुहुने पूर्व सचिव श्री कृष्णहरी वास्कोटा र डा. शेषरमण न्यौपानेलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# व्यासले पराशर मार्ग निर्माण कार्यका लागि असोज मसान्तसम्म म्याद थप्यो

## बैरेनी जग्गा व्यवस्थापन आयोजनामा रहेका रैतानी गुठीका रूपमा नापी भई अभिलेख कायम भएका जग्गालाई सहजिकरण गरिने

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाको नियमित कार्यपालिका बैठकले नगरका विकास निर्माण, पर्यटन, पूर्वाधार, स्वास्थ्य तथा प्रशासनिक क्षेत्रसँग सम्बन्धित विभिन्न निर्णय गरेको छ। नगरप्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न बैठकले नगरको जग्गा व्यवस्थापन, पर्यटन पूर्वाधार, सडक, खेलकुद, स्वास्थ्य तथा सार्वजनिक संरचना व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ ।

बैठकले विश्व बैंकको सहयोगमा निर्माणाधीन पराशर मार्गको कामलाई प्रभावकारी रूपमा अघि बढाउन निर्माण व्यवसायीलाई प्रत्येक हप्ता स्वयं उपस्थित भई कार्यप्रगति विवरण पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै २०८३ असोज मसान्तभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यतालिका सहितको विवरण पेस गर्नुपर्ने सर्तमा असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरिएको छ ।

नगरपालिकाले वडा नं. १० स्थित बैरेनी जग्गा एकीकरण आयोजनामा रहेका केही जग्गाहरू नापीको समयमा नै रैतानी गुठीका रूपमा नापी भई अभिलेख कायम भएको देखिएकाले प्रचलित कानुनबमोजिम जग्गा विकास आयोजनाको प्रक्रियाअनुसार सम्बन्धित जग्गाधनीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्न सहजीकरण गरिदिन भूमि प्रशासन कार्यालय, तनहुँलाई लेखी पठाउने निर्णय गरेको छ ।

त्यसैगरी व्यास-५ स्थित मानुङकोट पर्यटकीय ग्राममा निर्माण हुने संरचनाको दिगोपना तथा उद्यमशीलता मापनका लागि प्राविधिक सहयोग गर्न संयुक्त राज्य अमेरिका, क्यालिफोर्नियास्थित दिगो



पूर्वाधारका लागि संस्था (आईएसआई)लाई अनुरोध गरिएकोमा उक्त संस्थाबाट प्रस्ताव स्वीकृत भएको जानकारी बैठकमा प्राप्त भएपछि सहयोगका लागि संस्थालाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरिएको छ ।

व्यास-१० स्थित दुम्सीचौरमा निर्माणाधीन नोसेर तालमा तालको जग्गा मिलान गर्न केही निजी जग्गा खरिद गर्नुपर्ने देखिएकाले जग्गा प्राप्ति ऐनबमोजिम सम्बन्धित मन्त्रालयबाट अनुमतिका लागि अनुरोध गर्ने निर्णय पनि बैठकले गरेको छ ।

नगरपालिका-३ स्थित खेलमैदानको विस्तृत निर्माण प्रतिवेदन (डीपीआर) समेत अद्यावधिक गरिने भएको छ । आर्थिक वर्ष २०७५/७६ मा तयार गरिएको डीपीआरलाई हाल प्रचलित दररेटअनुसार अद्यावधिक गर्ने निर्णय कार्यपालिकाले गरेको हो ।

यस्तै, स्वास्थ्य सेवातर्फ पोखरा, घारीपाटनस्थित हिमालय आँखा अस्पतालबाट दमौलीमा आँखा उपचार केन्द्र सञ्चालनका लागि नगरपालिकासँग सहकार्य गर्न अनुरोध भई आएकाले उक्त अस्पतालसँग सहकार्य गर्ने निर्णय भएको छ । यसबाट दमौली तथा आसपासका नागरिकलाई स्थानीयस्तरमै आँखा उपचार सेवा उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

बैठकले व्यास नगर युवा परिषद्को आर्थिक वर्ष २०८३/०८४ को गठनका लागि १५ दिने सूचना प्रकाशन गरी प्राप्त नामहरूलाई कार्यविधिअनुसार सिफारिस गर्ने कार्यका लागि नगर खेलकुद समितिलाई संयोजनको जिम्मेवारी दिने निर्णय गरेको छ ।

नगरपालिकाको अनुरोधमा सार्वजनिक पेटीमा रहेका संरचना हटाउन सहयोग गर्ने सम्पूर्ण घरधनीलाई धन्यवाद ज्ञापन गर्दै बाँकी रहेका संरचना हटाउने कार्यका लागि कार्यालयलाई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिने निर्णय पनि कार्यपालिकाले गरेको छ ।

# बिदाको दिन प्रशासन खुलेपछि राष्ट्रिय परिचयपत्र बनाउन सहज

**भञ्ज्याङ समाचारदाता/दमौली**

सरकारी कार्यालयमा सामान्यतया सार्वजनिक बिदाका दिन सेवा प्रवाह हुँदैन । तर, जिल्ला प्रशासन कार्यालय तनहुँले भने राष्ट्रिय परिचयपत्र बनाउनुपर्ने सेवाग्राहीको बढ्दो चापलाई मध्यनजर गर्दै बिदाको दिनसमेत कार्यालय खोलेर सेवा दिन थालेको छ । नियमित कार्यालय समयमा विद्यालय, कलेज तथा अन्य काममा व्यस्त हुने सेवाग्राहीका लागि बिदाको दिन सेवा दिंदा सहज हुने भएकाले यसलाई कार्यान्वयन गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

व्यास नगरपालिका-२ निवासी अपेक्षा सुनारले बिदाको दिन सेवा लिन पाउँदा आफू प्रत्यक्ष लाभ लिने सेवाग्राहीमध्ये एक भएको बताइन् । सत्यवती माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत उनलाई विद्यालय सञ्चालन हुने दिन प्रशासन कार्यालय पुगेर राष्ट्रिय परिचयपत्र बनाउन समस्या थियो। विद्यालयको पढाइ प्रभावित हुने भएकाले उनले बिदाको दिनको फाइदा लिइन् ।

प्रशासन कार्यालयले शनिबार र आइतबार राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा दिएकाले बिदाको दिन कार्यालय पुगेर उनले आफ्नो परिचयपत्रका लागि आवश्यक प्रक्रिया पूरा गरेकी छन् । उनले भनिन्, "अरु दिन विद्यालय जानुपर्छ।



बिदाको दिन कार्यालय खुलेर सेवा दिएपछि धेरै सहज भयो ।"

सुनारको जस्तै समस्या धेरै विद्यार्थी तथा नियमित कार्यालय समयमा व्यस्त रहने सेवाग्राहीको छ । राष्ट्रिय परिचयपत्र अहिले विभिन्न सरकारी सेवा, राहदानी लगायत काममा आवश्यक पर्ने महत्त्वपूर्ण कागजपत्र बन्दै गएपछि यसको आवश्यकता बढेको छ । सोही कारणले जिल्ला प्रशासनमा राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीको संख्या पछिल्ला दिनमा उल्लेख्य रूपमा बढेको छ ।

राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीको चाप अत्यधिक बढेपछि जिल्ला प्रशासन कार्यालयले सेवा प्रवाहलाई सहज बनाउन सार्वजनिक बिदाको दिनसमेत सेवा सञ्चालन गर्ने निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिए । उनका अनुसार शनिबार र आइतबार बिहान ९:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म सेवा प्रदान गरिँदै आइएको छ ।

उनका अनुसार कार्यालयमा सेवाग्राहीको चाप बढ्दै गएपछि नियमित कार्यदिनमा मात्रै सेवा दिंदा धेरै सेवाग्राहीले समय व्यवस्थापन गर्न समस्या भोग्नुपर्ने अवस्था आएपछि बिदाको दिनसमेत सेवा सञ्चालन गरिएको हो ।

विशेषगरी विद्यार्थी, निजी क्षेत्रमा कार्यरत कर्मचारी, व्यवसायी तथा नियमित कार्यालय समयमा आफ्नो काममा व्यस्त रहने नागरिकका लागि बिदाको दिनको सेवा प्रभावकारी हुने प्रशासनको अपेक्षा छ । कार्यालयले सेवाग्राहीको भीडलाई व्यवस्थित बनाउन टोकन प्रणालीलाई प्राथमिकता दिएको छ ।

यसैबीच, सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले सेवाग्राहीलाई तोकिएको मितिमा कार्यालयबाट टोकन लिएर आफ्नो पालोअनुसार सेवा लिन आग्रह गरे। यसले एकैपटक ठूलो संख्यामा सेवाग्राही कार्यालयमा जम्मा हुँदा उत्पन्न हुने भीड कम गर्नुका साथै सेवा प्रवाहलाई व्यवस्थित बनाउन सहयोग गर्ने उनको भनाइ छ । रासस

## facebook twitter



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

ब्यक्ति पुजक प्रिय नयाँ पुराना झोले महाझोले मित्रजन, नमस्कार । वर्षाऋतु भदौरे गाङगुडुङसंगै बिदा हुदैछ र केही समयमै घमाईलो शरदको पर्खाईमा हामी छौ। तर हेमन्तको आगमन कठोर पश्चिमी ठिहीसाथ प्रबेश गर्ने हल्ला ब्याप्त छ। आम मान्छेको समय, धैर्य र भाग्य यस्तै हो तर ठुलाहरूको हैन।के होला चमेली ?



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

**नेपाली समाज र लोकतन्त्र**

१८३१-३२ को आफ्नो अमेरिकाको भ्रमण पछि फ्रान्सेली युवा चिन्तक Alexis de Tocqueville ले लेखेका कालजयी कृति 'Democracy in America' आज पनि लोकतन्त्रबारे लेखिएका सबैभन्दा प्रभावशाली पुस्तकहरूमध्ये एक मानिन्छ। Tocqueville ले अमेरिकी लोकतन्त्रको सफलता केवल संविधान, निर्वाचन वा सरकारका संस्थामा होइन, नागरिक र समाजको संस्कृतिमा देखे। स्वेच्छाले संगठित हुने, संवाद गर्ने र साझा उद्देश्यका लागि मिलेर काम गर्ने जस्ता अमेरिकी नागरिकहरूमा रहेको कला, "the art of getting associated", लाई उनले लोकतन्त्रको ठूलो शक्ति माने। त्यस्तै, उनले समाजमा पुस्तौंदेखि विकसित नैतिक मूल्य, सांस्कृतिक परम्परा, सामाजिक संस्कार, नागरिक जिम्मेवारी, आपसी विश्वास, सहिष्णुता र आत्मसंयमजस्ता आचरणहरूको समष्टिगत रूप, "habits of the heart", लाई लोकतन्त्रको वास्तविक जग ठाने।

आज नेपालको समाज र दलीय राजनीतितर्फ हेर्दा भने हामी ठीक उल्टो दिशातर्फ गइरहेका छौँ कि भन्ने चिन्ता हुन्छ। समाजमा पूर्वाग्रह र असहिष्णुता बढ्दो छ। पुराना हुन् वा नयाँ, अधिकांश राजनीतिक दलहरु गुटबन्दी, व्यक्तिगत द्वन्द्व र विभाजनबाट ग्रस्त देखिन्छन्। आलोचना र फरक मतलाई आफ्नो सोच र अवधारणाका कमजोरी सच्याउने अवसरका रूपमा लिनुको सट्टा, त्यसलाई परास्त गर्न हरेक अश्त्र चलाउने प्रवृत्ति बलियो बन्दै गएको छ ।

यसले केवल दलहरूलाई मात्र होइन, नेपाली समाजलाई पनि विभाजित बनाउँदैछ । लोकतन्त्रको भविष्य संविधान वा निर्वाचनले मात्र सुरक्षित हुँदैन; त्यसलाई टिकाइराख्ने "habits of the heart" र "the art of getting associated" जस्ता साश्वत पक्षहरू समाजमा कति जीवन्त छन् भन्ने कुराले पनि निर्धारण गर्छ । नेपालमा आज देखिएको राजनीतिक गञ्जागोलको एउटा गहिरो कारण सम्भवतः यिनै लोकतान्त्रिक संस्कारहरूको क्षयिकरण हुनु पनि हो कि ?

# ३२औं विश्व आदिवासी दिवस : मातृभाषाको महत्वबारे वक्तृत्वकला

**भञ्ज्याङ समाचारदाता/दमौली**

३२औँ विश्व आदिवासी दिवसको अवसरमा नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद् तनहुँले शनिबार दमौलीमा जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।

'सरकारी कार्यालयको कामकाजमा मातृभाषाको आवश्यकता र महत्व' विषयमा माध्यमिक तहका



विद्यार्थीबीच भएको वक्तृत्वकला प्रतियोगितामा पञ्चमुनीदेव माध्यमिक विद्यालय, दुलेगौडाकी पुनमसिंह ठकुरी प्रथम भएकी छन् । आदिकवि भानुभक्त माध्यमिक विद्यालयकी समीक्षा थापा द्वितीय र सत्यवती माध्यमिक विद्यालयकी जेसिका पाण्डे तृतीय भएका छन् ।

त्यस्तै चण्डिदेवी राष्ट्रिय माध्यमिक विद्यालयकी सुरक्षा तिमिल्सिना, मिन माध्यमिक विद्यालयकी गङ्गा बानियाँ र आदिकवि माध्यमिक विद्यालयकी ससिता केसीले सान्त्वना स्थान हासिल गरेका छन्।

प्रतियोगितामा जिल्लाका १७ विद्यालयबाट ३१ जना विद्यार्थीको सहभागिता रहेको आयोजकले बताएको छ । प्रतियोगितामार्फत मातृभाषाको संरक्षण, संवर्द्धन तथा सरकारी कामकाजमा यसको प्रयोगको आवश्यकता र महत्वबारे विद्यार्थीलाई अभिमुखीकरण गराउने उद्देश्य राखिएको आयोजकले जनाएको छ ।

परिषद्का अध्यक्ष सनम तामाङको अध्यक्षतामा आयोजित कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, परिषद्का सल्लाहकार ताराप्रसाद श्रेष्ठ, ताराराम श्रेष्ठ, यामबहादुर आले, नन्दबहादुर थापा तथा पूर्वअध्यक्ष बसुन्धरा घर्तीलगायतको सहभागिता थियो । परिषद्का वरिष्ठ उपाध्यक्ष सिद्धान्त गर्जा मगरले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव जीवन गुरूङले गरेका थिए।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४